# नेपालमा योजना प्रकृया: रणनीति तथा व्यवहार

डिलाराम पन्थी
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# योजना के हो ?



Future Vision
हामी कहाँ पुग्ने हो?
PLAN
हाम्रा रणनीति, नीति, कार्यक्रम र आयोजना के हुन्?
Present Landscape
हामी कहाँ छौं?




WHERE
WHY
WHEN
?
WHO
HOW
WHAT

# योजनाको मुख्य तत्वहरु

- उद्देश्य
- साधन स्रोत
- समय






**बैशाख २०७४** — **Apr/May 2017**

| Sunday आईतवार | Monday सोमवार | Tuesday मंगलवार | Wednesday बुधवार | Thursday बिहीवार | Friday शुक्रवार | Saturday शनिवार |
|---|---|---|---|---|---|---|
| तृतीया ३१ 14 | | | | | तृतीया १ 14 नव वर्ष २०७४ | चतुर्थी २ 15 |
| पञ्चमी ३ 16 | षष्ठी ४ 17 | सप्तमी ५ 18 | अष्टमी ६ 19 | नवमी ७ 20 | दशमी ८ 21 | एकादशी ९ 22 बरुथिनी एकादशी |
| द्वादशी १० 23 | त्रयोदशी ११ 24 | चतुर्दशी १२ 25 | औंशी १३ 26 | प्रतिपदा १४ 27 | द्वितीया १५ 28 | तृतीया १६ 29 |

# योजना के को लागि ?

- भौगोलिक तथा क्षेत्रगत सन्तुलनका लागि ।
- विकास वा सकरात्मक परिवर्तनका लागि ।
- सीमित स्रोत साधनको अत्युत्तम उपयोगका लागि ।
- प्राथमिकता प्राप्त क्षेत्रमा लगानीका लागि ।
- वैदेशिक सहायताको परिचालनका लागि ।
- अन्तरसम्बन्धित विषयहरुको सम्बोधनको लागि ।
- सामाजिक न्याय कायम गर्नको लागि ।
- निजी क्षेत्रको विकासको लागि ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता समयमै पूरा गर्न ।

# योजना प्रकृयामा नेपालको अनुभव

- केन्द्रीय तथा स्थानीय तहको योजना पद्धति रहेको ।
- सहभागितामूलक योजना पद्धतिको अवलम्बन ।
- स्थानीय र केन्द्रीय योजना प्रणालीबीच तादाम्यता मिलाइएको ।
- समावेशी विकास प्रकृयाको अवलम्बन ।
- निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रको भूमिका स्वीकार गरिएको ।
- वार्षिक, आवधिक तथा रणनीतिक योजना तर्जुमा गरिएको ।
- अन्तर्सम्बन्धित विषयहरुलाई योजनामा समावेश गरिएको ।
- अनुगमन तथा मूल्याङ्कनमा तेस्रो पक्षलाई समावेश गरिएको ।

# योजनाको स्वरुप

- समयको आधारमा: वार्षिक, आवधिक, दीर्घकालीन वा रणनीतिक
- विषयक्षेत्रको आधारमा: कृषि, पोषण, शिक्षा, .....
- भौगोलिक आधारमा: स्थानीय, प्रादेशिक, राष्ट्रिय

# योजनाबद्ध विकासका आधार

- सन १९३० को विश्वव्यापी महामन्दीको असर तत्कालीन सोभियत संघलाई कम परेकोले अर्थशास्त्री तथा अन्य देशको धारणामा परिवर्तन आएको ।
- अर्थशास्त्री जे एम किन्सको राज्य निर्देशित विकास अवधारणा ।
- मिश्रित अर्थव्यवस्थाको प्रारम्भ ।
- दोस्रो विश्वयुद्धबाट भएको क्षतिको पुनर्निर्माण गर्नुपर्ने अवस्था ।
- वैदेशिक सहायताको प्रारम्भ ।
- कल्याणकारी राज्यको अवधारणा ।
- विकास प्रशासनको उदय ।

# विकास रणनीति

- राज्य निर्देशित विकास रणनीति
- बजार निर्देशित विकास रणनीति
- नागरिक समाज निर्देशित विकास रणनीति
- समुदाय निर्देशित विकास रणनीति

# नेपालमा योजना प्रकृया

- राणाकालमा दीर्घकालीन कृषि योजनाको थालनी ।
- वि सं २०१३ सालमा प्रथम पञ्चवर्षीय योजना प्रारम्भ ।
- हाल चौधौं योजना कार्यान्वयनमा रहेको ।
- ३ र ५ वर्ष अवधिका योजना तर्जुमा ।
- कृषि पोषण जस्ता विषयमा क्षेत्रगत योजना तर्जुमा गर्ने परिपाटीको शुरुआत भएको ।
- नवौं योजनादेखि गरिबी निवारण गर्ने एकल उद्देश्य रहेको ।२० वर्षे दीर्घकालीन सोंच राखिएको ।
- दशौं योजनादेखि मध्यमकालीन खर्च संरचना अवलम्बन गरिएको ।
- तेह्रौं योजनाले सन २०२२ सम्ममा विकासशील राष्ट्मा स्तरोन्नति हुने तथा चौधौं योजनाले वि सं २०८७ सम्ममा मध्यम आम्दानी भएको मुलुकको रुपमा स्तरोन्नति गर्ने दीर्घकालीन लक्ष लिएको ।

# नेपालमा योजना प्रकृया....

- वार्षिक योजना बजेटको माध्यमबाट वि सं २००८ सालदेखि शुरु भएको ।
- योजना तर्जुमा तथा अनुगमन र मूल्याङ्कनको कार्य राष्ट्रिय योजना आयोगबाट हुने ।
- योजना कार्यान्वयनको मुख्य जिम्मेवारी विषयगत मन्त्रालयको हुने ।
- साविकको जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिहरुले आफ्नो आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गरेको ।
- साविकमा स्थानीय निकायको योजना तर्जुमा सहभागितामूलक प्रकृयामा आधारित रहेको ।
- साविकमा स्थानीय निकाय र नेपाल सरकारको वार्षिक योजनाबीच आबद्धता कायम गरिएको ।

# नेपालमा योजनाका तह

- राष्ट्रिय योजना
- प्रादेशिक योजना
- स्थानीय योजना



# नेपालमा योजना तर्जुमामा संलग्न निकाय

- आवधिक योजना: राष्ट्रिय योजना आयोग
- क्षेत्रगत योजना: विषयगत मन्त्रालय, राष्ट्रिय योजना आयोग
- दीर्घकालीन योजना: विषयगत मन्त्रालय, राष्ट्रिय योजना आयोग
- वार्षिक योजना: राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय
- प्रादेशिक योजना: प्रदेश योजना तथा अर्थ मन्त्रालय
- स्थानीय योजना: कार्यपालिका


नेपालमा योजना चक्र
चालु योजनाको समीक्षा
अवधारणा पत्रको तयारी
विषयगत समितिको गठन
आधारपत्रको तयारी
विकास परिषदमा छलफल
योजनाको पूर्ण दस्तावेज तयारी
नतिजा सूचक तयारी
योजनाको कार्यान्वयन


परियोजना चक्र
पहिचान
तयारी
लेखाजोखा
स्वीकृति
कार्यान्वयन
मूल्याङ्कन

# योजना पद्दतिका चुनौतीहरु

- स्थानीय प्रदेश र सङ्घीय योजनाबीच तालमेल मिलाउनु ।
- नयाँ संरचना अनुसार तथ्याङ्क अद्यावधिक गर्नु ।
- प्राथमिकता पहिचान गर्नु ।
- प्राथमिकताप्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नु ।
- गैर बजेटरी खर्च नियन्त्रण गर्नु ।
- विषय क्षेत्रगत सन्तुलन र समन्वय कायम गर्नु ।
- संस्थागत पूर्वाधार विकास गर्नु ।

# आयोजना व्यवस्थापनका चुनौतीहरु

- आयोजना चक्रका चरण पूरा गरी आयोजना छनौट गर्ने ।
- विस्तृत परियोजना प्रतिवेदन तयारी पछि मात्र कार्यान्वयनमा लैजार्ने ।
- खरिद प्रकृयामा आयोजनाको गुणस्तर, लागत तथा समयलाई समायोजन गर्ने ।
- आयोजना प्रमुख लगायत मुख्य कर्मचारीको स्थायित्व ।
- जग्गाको मुआब्जा लगायतको समस्या समयमै समाधान गर्ने ।
- नागरिक समाज तथा उपभोक्ताको सहभागिता सुनिश्चित गर्ने ।
- विकासका अन्य पक्षहरुबीच समन्वय कायम गर्ने ।
- दातृ निकायका सर्तहरुको व्यवस्थापन गर्ने ।
- वैदेशिक सहायताको रकम समयमै सोधभर्ना लिने ।

# जिज्ञाशा ???